# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंक, संचालक समितिमा रिक्त रहेको संचालक पदका लागि श्री बालकृष्णमान सिंहले २०६९ फागुन १३ गते नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको सदस्य पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।



नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले सञ्चालक श्री सिंहलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भएको हो ।

पाल्पा जिल्लाको तानसेन स्थायी ठेगाना भएका नवनियुक्त सञ्चालक श्री सिंहको जन्म वि. सं. २०१४ सालमा भएको हो । उहाँले चार्टड एकाउन्टेन्सीको उपाधि हासिल गर्नु भएको छ । उहाँले नेपाल औद्योगिक विकास निगममा २ कार्यकाल महाप्रवन्धक सहित १८ वर्ष सेवा गर्नु भएको थियो भने नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष, सो निगमको अध्यक्ष र खानेपानी महसूल निर्धारण आयोगका अध्यक्षका रूपमा पनि अनुभव हासिल गर्नु भएको छ । त्यसैगरी, South Asia Development Fund का अध्यक्ष, Association of Development Financing Institutions in Asia Pacific का Governing Board सदस्यका रूपमा पनि जिम्मेवारी सम्हाली सक्नु भएको छ । वर्तमान प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद् सदस्यको रूपमा उहाँ कार्यरत हुनुहुन्छ ।

सञ्चालक श्री सिंहको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

२०६९ फागुन १३, आइतबार

गभर्नरको कार्यालय